# प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको शैक्षिक उपलब्धिमा पारेको प्रभाव

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोश्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत**

शोधपत्र


**शोधकर्ताः**

**खेमानन्द घोरासैनी**

**त्रि.वि.वि दर्ता नं. : ४५१५५-९१**

**परीक्षा रोल नं. : २४०००२०**

**क्याम्पस रोल नं. : १२५/२०६३**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन



२०६९

सप्तगण्डकी बहुमुखी क्याम्पस
SAPTAGANDAKI MULTIPLE CAMPUS
(Affiliated to T.U. and HSEB, Nepal)

भरतपुर, चितवन, नेपाल
Bharatpur, Chitwan, Nepal

प.सं./L.No. :
च.नं./Ref.No. :

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता खेमानन्द घोरासैनी तयार पारिएको **प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको उपलब्धिमा पारेको प्रभाव"** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

.................................

उप. प्रा. देनप्रसाद लामिछाने

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६९।४।१८

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

### स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी खेमानन्द घोरासैनीद्वारा तयार पारिएको **"प्रारम्भिक बाल विकास केन्द्रले बालबालिकाको उपलब्धिमा पारेको पारेको प्रभाव** विषयमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

1. उप. प्रा. कुवेरनाथ शर्मा विभागीय प्रमुख .........................

2. उप. प्रा. देनप्रसाद लामिछाने शोध निर्देशक ..........................

३ प्रा. आनन्दमान सिंह साक्य वाह्य परीक्षक ............................

मिति : २१।०८।२०१२ (०५।०५।२०६९)

Tel. : 056-520754, 522558, 523021, Fax : 056-523021, E-mail : saptagandaki@yahoo.com, smc.bharatpur@gmail.com

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वीतीय वर्षको पाठ्य भार पूरा गर्नका लागि **"प्रारम्भिक बाल विकास केन्द्रले बालबालिकाको उपलब्धिमा पारेको पारेको प्रभाव"** शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र तयारिका क्रममा आफ्नो कार्यव्यस्तताका साथसाथै अमूल्य समय लगानी गरेर आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु देनप्रसाद लामिछानेप्रति हृदय देखि नै आभार प्रकट गर्दछु । त्यसै गरी त्रि.वि. सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु कुवेरनाथ शर्माप्रति पनि आभार व्यक्त गर्दछु । साथै शोधपत्र तयारीका क्रममा आफ्नो अमूल्य सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुहरु रमाकान्त सापकोटा तथा जयकृष्ण शर्मा लगायत सम्पूर्ण सप्तगण्डकी परिवार प्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री संकलन गर्ने कार्यदेखि लिएर सोधपुछका लागि व्यस्त समय दिएर पूर्ण रुपमा सहयोग गर्नुहुने छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, वि.नि., विद्यार्थी प्रति कृतज्ञ छु ।

साथै यस शोधपत्रलाई कम्प्युटर टाइप तथा व्यान्डिङ्ग गरी अन्तिम रुप प्रदान गर्नुहुने न्यू सौरभ फोटो स्टुडियो एण्ड कम्युनिकेशन परिवारप्रति कृतज्ञता व्यक्त गर्दछु ।

शोधकर्ता

खेमानन्द घोरासैनी

# शोध सार

प्रस्तुत अध्ययनको शीर्षक **"प्रारम्भिक बाल विकास केन्द्रले बालबालिकाको शैक्षिक उपलब्धिमा पारेको पारेको प्रभाव"** रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य प्रारम्भिक बाल विकास केन्द्रले बालबालिकाको शैक्षिक उपलब्धिमा पारेको प्रभाव पत्तालगाउनु रहेको छ । त्यसैगरी प्रारम्भिक बालविकास केन्द्रले बालबाकिलाको उपलब्धिमा पारेको प्रभाव विश्लेषण गर्नु,शिक्षण सिकाइमा देखिएका समस्याहरुको पहिचान गर्नु, समस्या समाधानका उपायहरुको खोजि  गरी सुधारका निम्ति सुझावहरु पेश गर्नु रहेका छन् ।

यस शोध अनुसन्धानको क्रममा बालविकासमा देखिएका र सिधै कक्षा १ मा भर्ना हुँदा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरु पत्ता लगाउने रहेका छन् । द्वितीय तथ्यांक अन्तर्गत विभिन्न पत्र पत्रिका, सम्बन्धित विषयका शोधपत्रहरु लेख-रचनाहरु जिल्ला शिक्षा कार्यालयबाट प्राप्त अभिलेखहरुलाई आधार मानिएको छ । प्राप्त तथ्याङ्कहरुलाई व्याख्या विश्लेषण गर्ने क्रममा साक्षरतासँग सम्बन्धित ज्ञान सीपलाई आधारभूत आवश्यकता मानी विश्लेषण गर्ने कार्य जर्ज एल्टन मायोको मानवताको सम्बन्ध सिद्धान्तमा आधारित भई यो अध्ययन गरिएको छ ।

यस अध्ययनलाई सरल सहज र उद्देश्यपूर्ण बनाउनका लागि उद्देश्यमुलक नमुना छनोट विधि अन्तर्गत रहेर गुणात्मक विधिमा आधारित रही अवलोकन, छलफल, अन्तरवार्ता र स्थलगत अध्ययन अन्तर्गत यो शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ । प्रारम्भिक तथ्यांक संकलनका लागि छनोटमा परेको जनसंख्यालाई अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा संयोजक, स्थानीय निरीक्षक, शिक्षक र विद्यार्थीबाट तथा प्र.अ. प्रश्नावली भरी तथ्यांक संकलन गर्ने कार्य गरिएको छ । यस अध्ययनको नमूना छनोटमा परेका विद्यालयहरुमा सिधै कक्षा १ मा आएका विद्यार्थी भन्दा बा.वि.के अध्ययन गरी आएका विद्यार्थीहरुको शैक्षिक उपलब्धि राम्रो रहेको पाइयो । भने वा.वि.के कक्षा केन्द्रमा विद्यार्थीहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु प्रयाप्त नरहेको पाइयो । सिधै कक्षा १ मा भर्ना हुने विद्यार्थीका विद्यालय पठाउन गाह्रो भएको, स्कुलको वातावरण नभएको कारण उनीहरुलाई विद्यालयमा वस्न गाह्रो भएको पाइयो ।

अध्ययनका क्रममा छनोटमा परेका विद्यालयमा सम्बन्धित व्यक्तिहरुसँग कार्यक्रमको व्यवस्थापन र प्रभावकारिताका बारेमा बुझ्ने प्रयास गरिएको छ । बालविकास शिक्षा अहिलेको एक अपरिहार्य तत्वको रुपमा रहेको छ । यस कार्यक्रमलाई राम्रोसँग व्यवस्थापन गर्न यससँग सम्बन्धित सम्पूर्ण निकायहरु

सक्रिय रुपले लाग्नुपर्ने, सबै निकायबीच समन्वय हुनुपर्ने, सहयोगी कार्यकर्तालाई तालिमको व्यवस्था गरिनुपर्ने, देखियो । कक्षा १ मा सोझै भर्ना भएका विद्यार्थीका लागि स्थानीय निकाय तथा नीति निर्माण कर्ताहरुले विशेष कक्षाको व्यवस्था गर्नुका साथै बा.वि.के को अनिवार्य गर्नु पर्ने, वा.वि.के.को सकारात्मक प्रभावको लागि नीतिगत पक्षमा कार्यक्रम तर्जुमा कार्यान्वयन, समन्वयन र अनुगमनमा जोड दिनुपर्ने देखिन्छ । बालबालिकालाई शिक्षामा उन्नती गराउनका लागि वा.वि.के अनिवार्य रहनुका साथै यसलाई प्रभावकारी रुपमा अगाडि बढाउनको लागि उनीहरुको समस्यासँग परिचित भई माथिल्ला कक्षाहरुमा उपयोगी हुने गरी प्रयाप्त शैक्षिक सामग्रीका साथमा अध्यापन गराउनु पर्ने कुराहरुलाई सुझाव स्वरुप पेश गरिएको छ ।

# विषय सूची


| | |
|---|---|
| **सिफारिस- पत्र** | **I** |
| **स्वीकृति-पत्र** | **II** |
| **कृतज्ञता** | **III** |
| **शोधसार** | **IV** |
| **विषय सूची** | **VI** |

## परिच्छेद एक :परिचय

| | |
|---|---|
| १.१ पृष्ठभूमि | 1 |
| १.२ समस्याको कथन | 3 |
| १.३ अध्ययनको औचित्य | 4 |
| १.४ अध्ययनको उद्देश्य | 5 |
| १.५ शोध प्रश्न | 5 |
| १.६ अध्ययनका परिसीमाहरू | 6 |

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

| | |
|---|---|
| २.१ साहित्यको पुनारावलोकन | 7 |
| २.२ सैद्धान्तिक खाका | 12 |
| २.३ शैक्षिक उपादेयता | 14 |

## परिच्छेद तीन : अध्ययन विधि

| | |
|---|---|
| ३.१ अनुसन्धान ढाँचा | 16 |
| ३.२ अध्ययनको जनसंख्या र नमूना छनौट | 16 |
| ३.३ अनुसन्धान विधि र साधनहरू | 17 |
| ३.४ तथ्याङ्कका स्रोतहरू | 17 |
| ३.५ तथ्याङ्क संकलन प्रक्रिया | 17 |
| ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण | 18 |

## परिच्छेद चारः तथ्यांक विश्लेषण तथा प्रस्तुतीकरण


४.१ प्रारम्भिक वा.वि.के.ले शैक्षिक उपलब्धिमा पारेको प्रभाव 19

४.१.१ बा.वि.के अध्ययन गरी आएका र सिधै कक्षा १ मा भर्ना भएका विद्यार्थीको शैक्षिक उपलब्धि 21

४.१.२ बालविकास केन्द्रको प्रभावकारिता र यसले बालबालिकामा पारेको प्रभाव 24

४.२ शिक्षण सिकाइमा देखिएका समस्याहरु 25

४.३ शिक्षण सिकाइमा देखिएका समस्या समाधानका उपायहरु 30


## परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझाव


५.१ प्राप्ति 34

५.२ निष्कर्ष 35

५.३ सुझावहरू 36

**सन्दर्भ सूची**

**अनुसूचीहरु**